# मालिका गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
२०७३
गण्डकी प्रदेश, नेपाल

०६९४२००२०
०६९४२००२१
०६९४२००२२


## करार सेवामा पदपूर्ति गरिने सम्बन्धी सूचना
## सूचना प्रकाशित मितिः-२०७८/०५/२५

मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७८ भाद्र २१गते बसेको बैठकको निर्णयानुसार गाउँ कार्यपालिकाको कार्यालय अन्तरगतको कृषि शाखामा रहेर कामकाज गर्ने गरी नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त भएको संगठन संरचना र दरबन्दी विवरण अनुसार कृषि अधिकृत पद संख्या १(एक) करार सेवामा लिई पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरीकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र आवश्यक न्यूनतम योग्यताका कागजपत्रहरु सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सार्बजनिक सूचना प्रकाशन गरीएको छ।

| सि.न. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१-२०७८/२०७९ | कृषि अधिकृत | अधिकृतस्तर छैटौं | १ (एक) | कम्प्युटर तथा तालिम प्राप्त एवम् अनुभविलाई ग्राह्यता दिईने |

**१). आवश्यक न्यूनतम योग्यताः**
(क) नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा कम्तिमा वि.एस्सी.एजि(BSc. Ag) उत्रीण गरेको हुनुपर्नेछ।
(ख) २१ बर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको र महिला आवेदकको हकमा ४० बर्ष ननाघेको हुनुपर्नेछ।

**२). दरखास्त दिने स्थान र प्रक्रियाः**
(क) मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय दरबाङ, म्याग्दी।
(ख) आवेदक स्वयम उपस्थित भई वा यस कार्यालयको ईमेल ठेगानाः- malikamunmyagdi@gmail.com मा समेत पेश गर्न सकिनेछ।

**३). पेश गर्नुपर्ने कागजातहरुः** दरखास्त साथ नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, (बिदेशी शैक्षिक संस्थाबाट उत्तीर्ण गरेको भएमा हकमा नेपाली इक्विभ्यालेन्ट सर्टिफिकेट अनिवार्य हुनुपर्नेछ।), तालिम तथा अनुभव सँग सम्बन्धित प्रमाणपत्रहरु र कागजातका प्रतिलिपि, साथै सबै प्रतिलिपीमा आवेदक स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनि दस्तखत गरी प्रमाणित गरेको हुनुपर्नेछ। (ईमेल मार्फत आवेदन गर्न ईच्छुक आवेदकले सबै प्रतिलिपिको अगाडि पट्टि दस्तखत गरी स्क्यानीङ कागजपत्र पेश गर्नुपर्नेछ।

**४) आवेदन दस्तुरः** रु. १०००/- (एक हजार) यस कार्यालयको प्रभु बैङ्क लिमिटेड दरबाङ शाखा, म्याग्दीमा रहेको राजश्व खाता नं. ०७५०११०००८४००१३२मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ।

**५). करार अवधिः** -अर्को निर्णय नभएसम्म बढिमा २०७९ आषाढ मसान्तसम्म।

**६). मासिक पारिश्रमिक र सुबिधाः** मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृतस्तर छैटौं तहका कर्मचारीहरुले पाउँदै आएको शुरु तलव स्केल।अन्य सुविधाहरुकोहकमा निर्णयानुसार हुनेछ।

**७). छनौटको प्रक्रियाः** लिखित र अन्तरबार्ता परिक्षा

**८). दरखास्त दिने अन्तिम मितिः** मिति २०७८/०६/२४ गते सम्म कार्यालय समय भित्र। (उक्त दिन सार्बजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) रित नपुगी र म्याद नाघी प्राप्त भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

**९). दरखास्त फाराम प्राप्त गर्ने तरिकाः** लोकसेवा आयोगको वेवसाईट www.psc.gov.np वा यस कार्यलयको वेवसाइट www.malikamunmyagdi.gov.np वा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

१०). परिक्षा मिति पछि तय गरिने छ।

(नोटः परिक्षा मिति, परिक्षा पाठ्यक्रम र अन्य कुनै विषयमा द्विविधा भएमा जानकारी आवश्यक परेमा फोन नं. ०६९४२००२२ मा सम्पर्क गर्न सकिनेछ।)

**प्रमुख प्रशासकीय अधिकृत**